प्रति कित्ता अंकित मूल्य रु.१००/- दरका २२,५०,००० कित्ता शेयर मध्ये ४५,००० कित्ता अर्थात २% शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको र १,१२,५०० कित्ता अर्थात ५% शेयर सामुहिक लगानी कोषहरुमा बाँडफाँट गरी बाँकी रहने २,०९२,५०० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्कासन गरिएको छ।

दरखास्त दिनुपर्ने न्यूनतम् कित्ता	: १० शेयर
दरखास्त दिनपाउने अधिकतम् कित्ता	: ५०,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था अन्तर्गत रही क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., कमलादी, काठमाण्डौबाट इस्यूर रेटिङ्ग गराई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP BB (Is) [Double B (issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AA (Is) b]lv CARE-NP C (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड "CARER-NP AA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARER-NP C (Is)" ले नकारात्मक आधारहरू जनाउँछ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७७/०६/२३ (तदनुसार अक्टोबर ९, २०२०) बहाल रहने अवधि २०७८/०६/२२ (तदनुसार अक्टोबर ८, २०२१)

न्यादी हाईड्रोपावर लिमिटेड
NYADI HYDROPOWER LIMITED

गंगादेवी मार्ग-३१३, बुद्धनगर, पो.ब.नं. २६३०५ काठमाण्डौ, नेपाल।
फोन न. ०१-४७८१७७६, ४७८५७३६ फ्याक्स नं. ०१-४७८५३९३
इमेलः nhl@nhl.com.np वेभसाइटः www.nhl.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

विवरण	वास्तवित			अपरिष्कृत	प्रक्षेपित			
	आ.व.०७४/७५	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर नेटवर्थ (रु.)	९५.९८	९६.६०	९४.१३	९१.९९	९६.१०	१०९.८३	१२१.६२	१३३.९८
प्रति शेयर आम्दानी (रु.)	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)	१.९६	१३.७२	१६.७९	१९.८६
संचित नाफा (नोक्सान) रु. हजारमा	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)	(७३,६१६)	१,१३,५३६	२,७१,१७६	४३६,८०५

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति :	२०७८/०६/१५ गते
निष्काशन बन्द हुने छिटोमा मिति :	२०७८/०६/१९ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने ढिलोमा मिति :	२०७८/०६/३१ गते (बैंकिङ्ग समय पश्चात्)

प्रति मेगावाट लागत सम्बन्धी विवरण :

संगठित संस्थाको प्रति मेगावाट लागत अनुमान Interest During Construction-IDC समेत रु.२०,३९,२५,१६८/५० (अक्षरेपी बीस करोड उनान्चालिस लाख पच्चीस हजार एक सय अठसठ्ठी रुपैयाँ पचास पैसा मात्र) रहेको छ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण :

विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०६९/११/०३ देखि २१०४/११/०२ सम्म रहेकोले यो विवरणपत्र स्वीकृत भएको मितिबाट उत्पादन अनुमतिपत्र बहाल रहने बाँकी अवधी २७ वर्ष रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.७३ वर्ष रहेको छ र डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) लगानी फिर्ता हुने अवधि १३.८२ वर्ष रहेको छ।

जलविद्युत आयोजनाको कुल लागत :

जलविद्युत आयोजनाको कूल अनुमानित लागत रु.६,११,७७,५५,०५५/- (अक्षरेपी छ अर्व एघार करोड सतहत्तर लाख पचपन्न हजार पचपन्न मात्र) रहेको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७८/०४/११ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/०४/१५।

१. कम्पनीको नाम : न्यादी हाईड्रोपावर लिमिटेड (NYADI HYDROPOWER LIMITED)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. कम्पनीको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय गंगादेवी मार्ग-३१३, बुद्धनगर, काठमाण्डौं नेपालमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय गंगादेवी मार्ग-३१३ बुद्धनगर, काठमाण्डौ, नेपाल र कम्पनी अन्तर्गतको न्यादी जलविद्युत आयोजनाको कार्यालय मर्स्याङदी गाउँपालिका वडा नं ६ मा रहेको छ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) यस कम्पनी न्यादी जलविद्युत आयोजना निर्माण तथा संचालन गर्ने र अन्य विद्युत उत्पादन आयोजनामा लगानी गर्ने उद्देश्यका साथ मिति २०६३/११/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०६४/११/२६ देखि कारोबार संचालन गर्दै आएको छ।

(२) यस कम्पनीले मिति २०६५/११/२१ देखि आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिदको कार्य शुरु गरेको तथा मिति २०६६ सालदेखि आयोजनाको महत्वपूर्ण हिस्साको रुपमा रहेको बेसीशहर मनाङ सडकमा पर्ने मर्स्याङदी गा.पा. वडा नं. ३ को थाकनवेसीदेखि आयोजना स्थलसम्मको करीव १३ कि.मी.को पहुँच मार्गको निर्माण कार्य शुरु भएको हो।

(३) यस कम्पनीमा हाल दुई जना संस्थापक शेयरधनीहरु रहेका छन्। कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७३ प्रतिशत शेयर संस्थापक शेयरधनीहरुका लागि, २ प्रतिशत शेयर संस्थापक शेयरधनीका कर्मचारीहरुका लागि, १० प्रतिशत आयोजना प्रभावित लमजुङ्ग जिल्लाका बासिन्दाहरुका लागि र १५ प्रतिशत शेयर सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत) शेयरधनीहरुका लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

(४) यस कम्पनीले आयोजनाको सर्भेक्षण अनुमति प्राप्त मिति २०६५/०८/१० मा प्राप्त गरेको थियो। मिति २०६८।५।२१ मा आयोजनाको पुरक प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएकोमा मिति २०७६/२/२९ मा अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भएको छ। आयोजनाको विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति २०६९/११/०३ मा प्राप्त भएको छ र सो अनुमतिपत्र मिति २१०४/११/०२ सम्म वहाल रहनेछ। आयोजनाको १३२ के.भी. प्रशारणलाईनको विद्युत प्रशारणको अनुमतिपत्र मिति २०७४।३।११ मा प्राप्त भएको र यो अनुमतिपत्र मिति २०९९।३।१० सम्म वहाल रहनेछ।

(५) ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र लमजुङ्ग जिल्लामा पर्ने न्यादी जलविद्युत आयोजनाको उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा न्यादी खोला रहेको छ।

(६) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

आयोजना स्थल	: मर्स्याङदी गाउँपालिका वडा नं ६ र ७ (साबिक बाहुनडाँडा गा.वि.स.का सम्पूर्ण वडाहरु र साबिक भुलभुले गा.वि.स.का वडा नं. ५, ६, ७, ८ र ९), लमजुङ्ग जिल्ला
प्रसारण लाईन	: मर्स्याङदी गाउँपालिका वडा नं ३, ६, ७ र ८ (साबिक बाहुनडाँडा गा.वि.स. र साविक भुलभुले गा.वि.स. का सम्पूर्ण वडाहरु तथा साबिक खुदी गा.वि.स.का वडा नं. १, २, ३ र ६), लमजुङ्ग जिल्ला
श्रोत नदी	: न्यादी खोला तथा सिउरी खोला
आयोजनाको किसिम	: रन अफ दि रिभर
डिजाइन डिस्चार्ज	: ११.०८ घनमीटर प्रति सेकेण्ड
उत्पादन हुने इनर्जी	: १७२.१४ गिगावाट घण्टा विद्युत शक्ति
आयोजनाको उत्पादन क्षमता	: ३० मेगावाट
ग्रस हेड	: ३२८ मिटर
डाइभर्सन बाँध	: लम्बाई १७ मिटर, नदीको धरातलबाट १० मिटर उचाईमा
सेटलिङ वेसिन	: ६० मिटर लम्बाई र ८ मिटर चौडाई
टनेल	: ३,८४० मिटर लम्बाई (३ देखि ३.६ मिटर चौडाई तथा उचाई भएको)
पेनस्टक	: लम्बाई ७७४ मिटर, व्यास १.७५ मिटर देखि २ मिटर व्यास तथा १० देखि ३० मि.मि. मोटाइ भएको स्टील पेनस्टक पाइप, स्टील पेनस्टक पाइपको बेसप्लेट ६८ मि.मि. मोटाइ
पावरहाउस	: लम्बाई ४९ मिटर, चौडाई २२.६० मिटर, उचाई २७.२ मिटर
टर्वाइन	: १६,०६३ किलोवाट क्षमताका २ वटा पेलटन टर्वाइन
जेनेरेटर	: १८.३३१ MVA क्षमताका २ वटा जेनेरेटर (०.८५ पावर फ्याक्टर, ११ के.भी. भोल्टेज)
टेलरेस	: ३.१ मिटर × २.१ मिटर साइजको २५ मिटर लामो
विद्युत उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD)	: २०७७/०१/०६ (कोभिड १९ को कारण म्याद थप हुने क्रममा रहेको)
विद्युत उत्पादन शुरु गर्ने मिति (COD)	: २०७८/०६/०१ (प्रक्षेपित)
आयोजनाको हालको अनुमानित लागत	: रु.६ अर्व ११ करोड ७७ लाख ५५ हजार ५५-IDC समेत)

आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अबधिको ब्याज समेत रु.२०,३९,२५,१६८.५०

विद्युत उत्पादन अनुमति प्राप्त मिति	: २०६९/११/०३
विद्युत उत्पादन अनुमति वहाल रहने मिति	: २१०४/११/०२ (कोभिड १९ को कारण एक वर्ष म्याद थपका लागि नेपाल सरकारको माग भए बमोजिम निवेदन दिई प्रक्रियामा रहेको।)
आयोजनाको प्रति मेगावाट लागत	: रु.२०,३९,२५,१६८.५०/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project)	: ७.४६ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project)	: २१.०३ वर्ष
Net Present Value (NPV) (Project)	: २५,८८,००,०००
Internal Rate of Return (IRR) (Project)	: १०.५७ %
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Equity)	: ७.७३ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Equity)	: १३.८२ वर्ष
Net Present Value (NPV) (Equity)	: ९१,२८,००,०००
Internal Rate of Return (IRR) (Equity)	: १४.२२ %

NPV तथा IRR गणना गर्दा नगद प्रभाव विधि (Cash Flow Basis) अनुसार गरिएको र IRR गणना गर्ने सम्बन्धमा आयोजनाको नगद प्रभावलाई १०% दरले Discount गरिएको छ।

संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन्।

(१) कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणसंग मिति २०७२/०२/१२ मा सम्झौता भएको छ। उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि प्रत्यक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम भएको छ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु.प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औ महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औ महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औ महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औ महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औ महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औ महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औ महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिइनेछ :

(क) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन भएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(ख) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(ग) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(घ) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(ङ) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सो को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको ब्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

(४) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको ब्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

(५) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणलीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ। यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ।

हर्जाना सम्बन्धी विवरणः

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

(२) कन्ट्याक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ।

क्षतिपूर्ति रकम रु. = (0.8 x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्याक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा कावू बाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन।

यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने ब्यवस्था आयोजनाबाट ब्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ।

(४) काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म ब्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुर्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ।

हर्जाना रकम रु. ०.०५ कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा व्यापारिक उत्पादन शुरु हुने मितिमा लागू हुने खरिद दर।

कम्पनीको प्रबन्धपत्रको दफा ३ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(१) यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) उद्योग सम्बन्धी व्यवसाय :

1. लमजुङ्ग जिल्लाको न्यादी खोलाको पानीबाट न्यादी जलविद्युत आयोजना संचालन गरी जलविद्युत उत्पादन गर्ने।
2. न्यादी जलविद्युत आयोजनाबाट उत्पादिन जलविद्युत नेपाल विद्युत प्राधिकरण (विद्युत खरिदकर्ता) वा अन्य निकायसंग सम्झौता गरी बिक्री गर्ने।
3. उत्पादित विद्युत बिक्रीका लागि विद्युत खरिद बिक्री सम्झौता गर्ने।
4. विद्युत उत्पादन तथा बिक्रीको लागि सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गर्ने।
5. जलविद्युत तथा अन्य नविकरणीय उर्जा स्रोतबाट विद्युत उत्पादन गर्ने आयोजनामा लगानी गर्ने।

आयोजनाको विभिन्न कार्यहरुको कार्यप्रगति विवरण निम्नानुसार रहेको छ :

न्यादी जलविद्युत आयोजनाको पौष मसान्त २०७७ सम्म भएको भौतिक कार्य प्रगति विवरणः

	विवरण	कार्य प्रगति (%)	कैफियत
१	**आधारभुत निर्माण कार्य**		
	प्रवेश मार्ग निर्माण	१००	सम्पन्न
	कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण	१००	सम्पन्न
२.	**सिभिल निर्माण कार्य**		
	बाँध, डिसेन्डर तथा गेट संरचनाहरु	१००	
	विद्युत गृह संरक्षण कार्य	१००	सम्पन्न
	हेडरेस टनेल निर्माण	१००	सम्पन्न
	सर्ज टैंक निर्माण	१००	सम्पन्न
	पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य	१००	सम्पन्न
	स्विचयार्ड तर्फको कार्य	१००	
	हेडवर्क्सको निर्माण	१००	
३.	**हाइड्रो मेकानिकल कार्य**		
	पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी तथा जडान	१००	सम्पन्न
	बाँधमा जडान गरिने गेटको उपलब्धि डेलिभरी तथा जडान	१००	
	पेनस्टक पाइप जडान	१००	सम्पन्न
	गेट जडान	१००	
	वाइफर्केशन तथा ज्वाइन्ट जडान	१००	सम्पन्न
	फेब्रिकेशन, इन्सटलेशन र इरेक्शनको कार्य	१००	सम्पन्न
४	**इलेक्ट्रोमेकानिकल कार्य**		
	मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी	१००	
	विद्युत गृह-उपकरण जडान	१००	
५	**१३२ के.भि.प्रसारण लाइन कार्य**		
	सवस्टेशन उपकरण जडान	१००	
	जग्गा खरिदको कार्य	१००	सम्पन्न
	टावर फाउण्डेसन कार्य	९६	
	टावर डेलिभर	१००	
	टावर फेब्रिकेशन	१००	सम्पन्न
	टावर ईरेक्सन तथा लाईन तान्ने कार्य	९६	

समग्रमा आयोजनाको कार्य प्रगतिः आयोजनाको भौतिक कार्य प्रगति ९९% रहेको छ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले स्थानीय बासिन्दाहरुका लागि तथा सर्वसाधरणमा गरी रु.४०,५०,००,०००/- (अक्षेरेपी चालिस करोड पचास लाख मात्र) बराबरको रु.१००/- अंकित दरको ४०,५०,००० कित्ता शेयर धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्कासन गरी उक्त रकम कम्पनीले सिभिल, हाइड्रो तथा इलेक्ट्रो मेकानिकल निर्माण कार्य गरे वापत सम्बन्धी ठेकेदार कम्पनीलाई भुक्तानी दिने कार्यमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.१,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१,५०,००,००,०००/- (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीको तत्काल चुक्ता पूँजी रु.१,०९,५०,००,०००/- (अक्षेरेपी एक अर्ब नौ करोड पचास लाख मात्र) रहेको छ। आयोजना प्रभावित क्षेत्र लमजुङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुको लागि निष्कासन गरिने प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १५,००,००० कित्ता, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुका लागि निष्कासन गरिने प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ३,००,००० र सर्वसाधारणहरुमा (सामूहिक लगानी कोषहरु तथा संस्थाका कर्मचारीहरुका लागि छुट्टयाएको समेत) प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २२,५०,००० कित्ता शेयर गरी कूल जम्मा ४०,५०,००० कित्ता शेयर बराबर रकम रु.४०,५०,००,०००/- (अक्षेरेपी चालीस करोड पचास लाख मात्र) निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (अक्षेरेपी एक अर्ब पचास करोड मात्र) हुनेछ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र.सं.	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकमा (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी समुह	१०,९५०,०००.००	१,०९५,०००,०००.००	७३%	शतप्रतिशत
२.	सर्वसाधारण शेयरधनी समुह				
	क. स्थानीय बासिन्दाहरु	१,५००,०००.००	१५०,०००,०००.००	१०%	निष्कासन पश्चात
	ख. संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु	३,००,०००.००	३,००,००,०००.००	२%	
	ग. सर्वसाधारण (कर्मचारीहरु समेत)	२,२५०,०००.००	२२५,०००,०००.००	१५%	
	जम्मा	**१५,०००,०००.००**	**१५,००,०००,०००.००**	**१००%**	

९. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	शेयर स्वामित्व	राष्ट्रियता	उमेर (वर्ष)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१.	श्री बुटवल पावर कम्पनी लिमिटेड, बुद्धगनर, काठमाडौं	-	१,०७,५१,४५३	नेपाली	लागु नहुने।		
२.	श्री लमजुङ्ग विद्युत विकास कम्पनी लि., काठमाडौं	-	१,९८,५४७	नेपाली	लागु नहुने।		

सञ्चालकहरूको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	अन्य
१.	श्री ओम प्रकाश श्रेष्ठ (प्रतिनिधित्वः बुटवल पावर कं. लि.) का.म.न.पा. वडा नं. ३४, मीनभवन काठमाण्डौं	अध्यक्ष	६१	नेपाली	छैन।	बि.ई. (सिभिल)	- संचालक, अरनिको निर्माण कं. (२०४८।२।१० देखि हालसम्म) - संचालक, इन्टरवर्ल्ड ट्रेडिङ्ग (२०५१।१२।३ देखि हालसम्म) - संचालक, बुटवल पावर कम्पनी लि., (२०७२।८।२९देखि हालसम्म) - संचालक, खुदी हाइड्रोपावर लि. (२०७१।८।१९ देखि हालसम्म)	
२.	श्री प्रदीप कुमार श्रेष्ठ (प्रतिनिधित्वः बुटवल पावर कं. लि.) ललितपुर म.न.पा. वडा नं. १, पुल्चोक, ललितपुर।	सञ्चालक	६१	नेपाली	छैन।	एम.बि.ए.	- संचालक, साँग्रिला ईनर्जी लि. (२०५७।११।२ देखि हालसम्म) - संचालक, बुटवल पावर कम्पनी लि. (२०५९।१०।१५ देखि हालसम्म) - संचालक, काबेली इनर्जि लि. (२०६६।१०।१४ देखि हालसम्म)	नेपाल उद्योग वाणिज्य महासंघमा अध्यक्ष समेतको जिम्मेवारी निर्वाह गरिसकेको।
३.	श्री बिजय बहादुर श्रेष्ठ (प्रतिनिधित्वः बुटवल पावर कं. लि.) का.म.न.पा. विशालनगर, काठमाण्डौ	सञ्चालक	६४	नेपाली	छैन।	एम.बि.ए.	- सञ्चालक, हिमालयन बैंक लि. (२०७५।९।३० देखि हालसम्म) - सञ्चालक, साग्रिला ईनर्जी लि. (२०५७।११।२ देखि हालसम्म) - सञ्चालक, गुराँस ईनर्जी लि. (२०७४।७।२१ देखि हालसम्म) - सञ्चालक, नेपाल हाइड्रो इलेक्ट्रिक लि. (२०७२।९।५ देखि हालसम्म) - बैकल्पिक सञ्चालक, बुटवल पावर कम्पनी लि. (२०७१।१।२१ देखि हालसम्म)	
४.	श्री राम बहादुर गुरुङ्ग (प्रतिनिधित्वः लमजुङ्ग विद्युत विकास कम्पनी लि.) मर्स्याङदी गाउँपालिका वडा नं ४, लमजुङको हाल, टोखा न.पा.-१०, काठमाण्डौ।	सञ्चालक	६५	नेपाली	छैन।	बि.एड.		- पूर्व सांसद, प्रतिनिधि सभा (लम्जुङ्ग जिल्लाबाट २०४८, ०५१ र २०५६ मा निर्वाचित) - पूर्व आपुर्ति राज्यमन्त्री, (मंसिर २०५४ देखि चैत्र २०५४सम्म) - पूर्व आपुर्ति राज्यमन्त्री (बैशाख २०५५ देखि भाद २०५५ सम्म) - पूर्व श्रममन्त्री, (असार २०५६ देखि फागुन २०५६ सम्म) - पूर्व जलश्रोत्र मन्त्री, (चैत्र २०५६ देखि माघ २०५७ सम्म)

नोटः बुटवल पावर कं. लि.को तर्फबाट बैकल्पिक सञ्चालकहरुको रुपमा क्रमशः श्री उत्तर कुमार श्रेष्ठ र श्री राधेश्याम श्रेष्ठ रहेका छन्।

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१.	उत्तम अमात्य	प्रमुख कार्यकारी अधिकृत	एम.एस.सि. (वाटर रिसोर्स इन्जिनियरिङ्ग) बि.ई (सिभिल)	- नेपाल विद्युत प्राधिकरणमा विभिन्न तहमा ३१ वर्षको कार्यानुभव। - अपर त्रिशुली "थ्रिए" मा निमित्त आयोजना निर्देशक रहेको।
२.	बिबेक कारञ्जीत	बरिष्ठ आयोजना इन्जिनियर	एम.एस.सि (हाइड्रो इन्जिनियरिङ्ग, वातावरण व्यवस्थापन) बि.ई. (सिभिल)	- जलविद्युत परियोजनामा १२ वर्षभन्दा बढीको कार्यानुभव।
३.	सुदिप मान श्रेष्ठ	प्रमुख - वित्त	सि.ए.	- जलविद्युत क्षेत्रमा ९ वर्षभन्दा बढी र लेखापरीक्षण क्षेत्रमा ७ वर्षभन्दा बढीको कार्यानुभव।

नोटः उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको तथा अन्य कुनै कम्पनीमा लगानी नरहेको।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ।

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	३ जना
सर्वसाधारण शेयरधनीहरु (स्थानीय बासिन्दा तथा संस्थापक संस्थाका कर्मचारी शेयरधनीहरु समेत) बाट निर्वाचित	१ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	५ जना

नोटः हाल यस कम्पनीमा संस्थागत शेयरधनी मात्र रहेको। अतः यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समूहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कानून बमोजिम कम्पनी ऐन, २०६३ को दफा ८६(२) अनुसार संचालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन। मनोनित वा निर्वाचित हुने सञ्चालकले मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तीमा स्नातकोपाधी प्राप्त गरेको हुनु पर्नेछ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत
	आ.व.२०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
सम्पत्ति				
दिर्घकालीन सम्पत्ति				
सम्पत्ति, प्लान्ट, तथा उपकरण	१९,२६९	१७,१९८	१३,८८१	११,०१४
विकासक्रममा रहेका अमुर्त सम्पत्ति	१०,६३,२५९	२२,५२,४३६	३५,५४,६८५	५०,४९,९४५
अन्य दिर्घकालीन सम्पत्ति	२,३५,५९२	१,११,६७९	३८,७४७	१,५८७
जम्मा स्थिर सम्पत्ति	१३,१८,१२०	२३,८१,३१३	३६,०७,३१३	५०,६२,५४७
चालु सम्पत्ति				
नगद र अन्य मौज्दात	२८,६१४	२,२४,६१२	१४,९४०	१३,४८०
बैंक मौज्दात	४५०	२,९८१	६,३८६	४,६९२
अन्य वित्तीय सम्पत्ति	१५१	१,१७०	१,३८७	५,६१३
अन्य चालु सम्पत्ति	३,१२,६०८	२,९४,९७०	३,६४,४७४	७३,९५४
जम्मा चालु सम्पत्ति	३,४१,८२३	५,२३,७३३	३,८७,१८७	९७,७३९
जम्मा सम्पत्ति	१६,५९,९४२	२९,०५,०४६	३९,९४,५०१	५१,६०,२८६
पूँजी र दायित्व				
पूँजी तथा जगेडा कोष				
शेयर पूँजी	१०,९५,०००	१०,९५,०००	१०,९५,०००	१०,९५,०००
जगेडा कोष र संचित नाफा	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)
जम्मा पूँजी तथा जगेडा कोष	५,३२,६८०	१०,५७,७१५	१०,३०,६७६	१०,०७,२३६
दिर्घकालीन दायित्व				
वित्तीय दायित्व				
सापटी	१०,७९,३१२	१६,८७,५५२	२५,५८,९३२	३२,०७,३३६
अन्य वित्तीय दायित्व	३७,६८२	१,०४,९६७	१,८५,१३२	२,९३,११७
व्यवस्थाहरु	४८७	७५९	१,५३७	१,५३७
जम्मा स्थिर दायित्व	११,१७,४८१	१७,९३,२७८	२७,४५,६०२	३५,०१,९९०
चालु दायित्व र ब्यवस्था				
अल्पकालीन सापटी	-	-	२२,५००	४,१८,३००
ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	४,००९	५१,७८८	१,९२,०२२	२,२९,३५६
अन्य वित्तीय दायित्वहरु	३,६९०	१,०३८	३,०१७	२,५७२
अन्य चालु दायित्व	२,०८२	१,२२५	६८५	८३२
जम्मा चालु दायित्व	९,७८१	५४,०५२	२,१८,२२३	६,५१,०६०
जम्मा पूँजी र दायित्व	१६,५९,९४२	२९,०५,०४६	३९,९४,५०१	५१,६०,२८६

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत
	आ.व.२०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८
निर्माण अवधिमा भएको आम्दानी	६,२६,०७१	११,८९,१७८	१३,०२,४९	१४,९५,२६०
निर्माण अवधिमा भएको खर्च	(६,२६,०७१)	(११,८९,१७८)	(१३,०२,२४९)	(१४,९५,२६०)
कुल नाफा				-
अन्य आय	-	-		
प्रशासकीय र अन्य सञ्चालन खर्च	(६,७६७)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)
आयकर कट्टी गर्नु अघिको कुल नाफा	(६,७६७)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)
आयकर खर्च				
चालु आयकर	-	-	-	
निरन्तर सञ्चालनबाट भएको नाफा	(६,७६७)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)
यस वर्षको खुद नाफा	(६,७६७)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)
अन्य उल्लेखिय आम्दानी	-	-	-	-
आयकर कट्टी पछिको यस वर्षको अन्य उल्लेखिय खुद नाफा/नोक्सान	-	-	-	-
आयकर कट्टी पछिको यस वर्षको जम्मा उल्लेखिय खुद नाफा/नोक्सान	(६,७६७)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)
प्रति शेयर आम्दानी, प्रति शेयर मूल्य रु.१००/-				
आधारभुत प्रति शेयर आम्दानी	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)
समायोजित प्रति शेयर आम्दानी	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)

नोटः *आ.व. ०७८ आषाढ मसान्तको वित्तीय विवरणहरु लेखापरीक्षण हुन बाँकी तर व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण हुन।

आगामी पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरू :

वासलात

(रु. हजारमा)

विवरण	प्रक्षेपित				
	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
सम्पत्ति					
दिर्घकालीन सम्पत्ति					
सम्पत्ति, प्लान्ट, तथा उपकरण	९,६४७	८,२८५	७,१६७	६,२५१	५,५००
विकासक्रममा रहेका अमुर्त सम्पत्ति	-	-	-	-	-
अमूर्त सम्पत्ति	५८,७९,३२२	५६,५३,१९४	५४,२७,०६६	५२,००,९३८	४९,७४,८११
अन्य दिर्घकालीन सम्पत्ति	-	-	-	-	-
जम्मा स्थिर सम्पत्ति	५८,८८,९६८	५६,६१,४७८	५४,३४,२३३	५२,०७,१९०	४९,८०,३११
चालु सम्पत्ति					
नगद र अन्य मौज्दात	१६६	९,४९४	९,५८५	५८,४०१	१,३९,६६६
बैंक मौज्दात	१५,१९१	३३,८७६	५३,१०८	७२,८८७	९३,७५९
अन्य वित्तीय सम्पत्ति	६३,३२१	७७,८७९	८०,१५८	८२,४३६	८६,९९३
अन्य चालु सम्पत्ति	१२५	७५	१७२	२३५	४४
जम्मा चालु सम्पत्ति	७८,८०२	१२१,३२४	१४३,०२२	२,१३,९५९	३,२०,४६२
जम्मा सम्पत्ति	५९,६७,७७१	५७,८२,८०२	५५,७७,२५६	५४,२१,१४८	५३,००,७७३
पूँजी र दायित्व					
पूँजी तथा जगेडा कोष					
शेयर पूँजी	१०,९५,०००	१५,००,०००	१५,००,०००	१५,००,०००	१५,००,०००
जगेडा कोष र संचित नाफा	(५८,४२५)	१,४७,४१२	३,२४,२८४	५,०९,६९२	६,९६,४४१
जम्मा पूँजी तथा जगेडा कोष	१४,४१,५७५	१६,४७,४१२	१८,२४,२८४	२०,०९,६९२	२१,९६,४४१
दिर्घकालीन दायित्व					
वित्तीय दायित्व					
सापटी	४१,८१,३८०	३९,४३,१११	३६,८३,४२६	३४,००,४०१	३०,९१,९३७
अन्य वित्तीय दायित्व	१,५०,०००	१,५०,०००	-	-	
व्यवस्थाहरु	२,१४५	२,०५४	२,५०१	२,७८५	२,५२७
जम्मा दिर्घकालीन दायित्व	४३,३३,५२५	४०,९५,१६४	३६,८५,९२७	३४,०३,१८६	३०,९४,४६४
चालु दायित्व र ब्यवस्था					
अल्पकालीन सापटी	३९,८८४	३४,०५२	५९,७५१	-	-
ब्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	१५१	१६६	२३७	२३७	२३७
अन्य वित्तीय दायित्वहरु	१५१,६९९	१,३८०	१,४९१	१,४३३	१,४१८
व्यवस्थाहरु - अन्य	५९९	४,२०१	५,१४०	६,०८०	७,६३८
अन्य चालु दायित्व	३३८	४२६	४२६	५२१	५७६
जम्मा चालु दायित्व	१९२,६७१	४०,२२५	६७,०४५	८,२७१	९,८६८
जम्मा पूँजी र दायित्व	५९,६७,७७१	५७,८२,८०२	५५,७७,२५६	५४,२१,१४८	५३,००,७७३

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	प्रक्षेपित				
	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
बिक्री आम्दानी	७,५९,५५०	९,३४,२४७	९,६१,५९०	९,८८,९३४	१,०४३,६२२
बिक्रीको लागत (प्रशासकीय तथा संचालन खर्च र ह्रास खर्च समेत)	(३,४८,४१९)	(३,६२,२४५)	(३,६६,०९८)	(३,७०,०८३)	(३,७२,६१२)
मोटामोटी नाफा	४,११,१३१	५,७२,००१	५,९५,४९२	६,१८,८५१	६,७१,०१०
सञ्चालनबाट नाफा	४,११,१३१	५,७२,००१	५,९५,४९२	६,१८,८५१	६,७१,०१०
ब्याज खर्च	(३,८१,१९३)	(३,६१,९६३)	(३,३८,४८१)	(३,१४,८६३)	(२,८९,१२३)
आयकर तथा बोनस कट्टी गर्नु अघिको खुद नाफा	२९,९३८	२,१०,०३८	२,५७,०१२	३,०३,९८८	३,८१,८८७
कर्मचारी बोनस व्यवस्था	(५९९)	(४,२०१)	(५,१४०)	(६,०८०)	(७,६३८)
आयकर	-	-	-	-	-
आयकर कट्टी गर्नु पछिको खुद नाफा	२९,३३९	२,०५,८३८	२,५१,८७१	२,९७,९०८	३,७४,२४९
प्रस्तावित लाभांश	-	५%	७.५%	१२.५%	१५%
खुद नाफा (नाफा/नोक्सान)	२९,३३९	२,०५,८३८	२,५१,८७१	२,९७,९०८	३,७४,२४९

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०	आ.व.२०८०/०८१	आ.व.२०८१/०८२	आ.व.२०८२/०८३
कुल आयमा औषत बृद्धिदर	-	२३	२.९३	२.८४	५.५३
कुल खर्चमा औषत बृद्धिदर ब्याज र ह्रास बाहेक	-	२३.७६	२.८३	२.८५	१.७६
सञ्चालन खर्च तथा कुल आम्दानी अनुपात	-	०.४६	०.३९	०.३८	०.३७
खुद मुनाफामा औषत बृद्धिदर	(२४३.२७)	६०१.५९	२२.३६	१८.२८	२५.६३
आयकर ब्यवस्था (प्रतिशतमा)	-	-	-	-	-
प्रति शेयर आम्दानी	१.९६	१३.७२	१६.७९	१९.८६	२४.९५
अन्य सञ्चालन खर्चका वृद्धिदर (ब्याज र ह्रास)	(५.०९)	(३.९९)	(४.१८)	(४.७६)	(५.४४)
Return on Equity	२.०४	१२.४९	१३.८१	१४.८२	१७.०४
Return on Assets	०.४९	३.५६	४.५२	५.५०	७.०६

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. कम्पनीले धितोपत्रको सार्वजनिक निष्काशनबाट आ.व.२०७८/७९ मा शेयर पूँजी रु.४०,५०,००,०००/- ले वृद्धी हुने प्रक्षेपण गरेको छ।

२. आयोजनाको व्यापारिक उत्पादन शुरु गर्ने मिति बैशाख ६, २०७७ तय गरिएकोमा COVID-19 को प्रभावले ढिलाई हुन गई सो मिति आश्विन १, २०७८ लाई निर्धारण गरिएको छ।

३. न्यादी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.५,३०,१८,२९,०५५/- तथा निर्माण अवधिको ब्याज समेत रु.६,११,७७,५५,०५५/- (अक्षरेपी छ अर्व एघार करोड सतहत्तर लाख पचपन्न हजार पचपन्न मात्र) रहेको छ।

नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक बर्षको आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट बिद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ।

नेपाल विद्युत प्राधिकरणसंग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु.८.४० र बर्षा याममा रु.४.८० का आधारमा र सो दर प्रति बर्ष ३% का दरले ८ बर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ।

४. व्यापारिक उत्पादन भएको १५ बर्षसम्म रोयल्टीको दर प्रति KW रु.१००/- र विद्युत बिक्रीबाट हुने आम्दानीको २% हुने गरि वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ। सो पश्चात् रोयल्टीको दर प्रति KW रु.१,०००/- र विद्युत बिक्रीबाट हुने आम्दानीको १०% हुने प्रक्षेपण गरिएको छ।

५. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यतः निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु क्रमशः कम हुँदै जानेछन्।

६. स्थीर सम्पत्तिको ह्रासकट्टी व्यवस्थापनले तोकेको प्रभावकारी समयावधिलाई आधार मानी तल दिइएको तालिका अनुसार गणना गरिने छ।

सम्पत्ति	ह्रासकट्टिको तरिका	दर	सम्पत्ति	ह्रासकट्टिको तरिका	दर
सिभिल निर्माण	SLM	३.७० प्रतिशत	फर्निचर तथा फिक्चर्स	WDV	२५ प्रतिशत
भवन	SLM	३.७० प्रतिशत	कार्यालय उपकरण	WDV	२५ प्रतिशत
हाइड्रो तथा इलेक्ट्रमेकानिकल	SLM	३.७० प्रतिशत	सवारी साधन	WDV	२० प्रतिशत
ट्रान्समिसन लाइन	SLM	३.७० प्रतिशत	प्लान्ट एण्ड मेशिनरी	WDV	१५ प्रतिशत

ब्यवस्थापनले हरेक आर्थिक बर्षको अन्त्यमा स्थीर सम्पत्तिको अनुमानित आधारमा पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ।

७. विद्युत उत्पादन खर्चहरु हरेक बर्ष ४ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

८. विद्युत नियमावली, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ।

९. कम्पनीले आ.व. २०७३/७४ देखि लेखा नीतिमा परिवर्तन गरी Nepal Financial Reporting Standard अवलम्बन गरेको हुँदा बिगतका आ.व.सम्म भएका तथा भावी दिनमा हुने सबै केन्द्रिय कार्यालयको बिशुद्ध प्रशासनिक खर्चहरुलाई समेत नाफा-नोक्सान हिसाबमा खर्च लेख्ने नीति अवलम्बन गरेको छ।

१०. सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यहरुको ठेकेदारको रिटेन्सन मनीको भुक्तानी तालिका वमोजिम गरिने भुक्तानीका अल्पकालिन कर्जा वा कम्पनीको नगद प्रवाहवाट गरिने अनुमान गरिएको छ।

विगत तथा आगामी तीन बर्षको नेटवर्थ र औषत प्रतिफल

(रु. हजारमा)

विवरण	वास्तवित			अपरिष्कृत	प्रक्षेपित			
	आ.व.०७४/७५	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
चुक्ता पूँजी	५,५५,०००	१०,९५,०००	१०,९५,०००	१०,९५,०००	१५,००,०००	१५,००,०००	१५,००,०००	१५,००,०००
जगेडा तथा कोषहरु	(२२,३२०)	(३७,२८५)	(६४,३२४)	(८७,७६४)	(५८,४२५)	१,४७,४१२	३,२४,२८४	५,०९,६९२
कुल नेटवर्थ	५,३२,६८०	१०,५७,७१५	१०,३०,६७६	१०,०७,२३६	१४,४१,५७५	१६,४७,४१२	१८,२४,२८४	२०,०९,६९२
शेयर संख्या (हजारमा)	५,५५०	१०,९५०	१०,९५०	१०,९५०	१५,०००	१५,०००	१५,०००	१५,०००
प्रति शेयर नेटवर्थ(रु.)	९५.९८	९६.६०	९४.१३	९१.९९	९६.१०	१०९.८३	१२१.६२	१३३.९८
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००	१००
खुद नाफा नोक्सान (रु. हजारमा)	(६,७६६)	(१४,९६४)	(२६,७३९)	(२०,४७८)	२९,३३९	२,०५,८३८	२,५१,८७१	२,९७,९०८
प्रति शेयर आम्दानी (रु.)	(१.३०)	(२.२६)	(२.४४)	(१.८७)	१.९६	१३.७२	१६.७९	१९.८६
नेटवर्थमा औसत प्रतिफल	(१.२७)	(१.४१)	(२.५९)	(२.०३)	२.०४	१२.४९	१३.८१	१४.८२

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (१.७६)%

द्रष्टव्यः कम्पनीको वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि केपिएन एण्ड एसोसिएट्स, चार्टर्ड एकाण्टेण्ट श्री केशब प्रशाद न्यौपानेले गर्नुभएको हो।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रवन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन। भविश्यमा नयाँ आयोजनाहरुमा लगानी गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने संभावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो। तर, आयोजनाको निर्माण गर्दा लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने संभावना न्यून रहेको छ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रीको सुनिश्चितता रहेको छ। नेपालमा विद्युतका खपत न्यून रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल संभावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकरात्मक हुने देखिएको छ। कुनै कारणवाट नेपालमा उत्पादित विद्युतभन्दा खपत कम भएको अवस्थामा समेत नेपाल विद्युत प्राधिकरणले आयोजनावाट उत्पादित विद्युतको आपूर्ति "लिने तथा लिन नसकेको पनि तिर्ने" सुनिश्चितता गरेको छ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :** COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको छ। यस ढिलाईबाट सो अवधीको विद्युत बिक्री आय प्रभावित हुनेछ। तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने संभावना न्यून रहेको छ। त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्नेछैन।

(ङ) **विदेशी विनिमयको जोखिम :** ठेकेदारलाई गरिने भुक्तानीको केही अंश अमेरिकी डलरमा समेत रहेको हुँदा सो हदसम्म विदेशी विनियमको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो। यद्यपी, विनिमय दरमा आउने अल्पकालिन उतार चढावलाई मध्यनजर गरी अमेरिकी डलरमा गरिने भुक्तानीहरु गरिदै आएको हुँदा केही हदसम्म यस जोखिमलाई व्यवस्थापन गर्न सकिएको छ। साथै, यस जोखिमबाट आयोजनाको लागत बढ्न नपाओस भन्नका लागि अनुमानित लागतमा आवश्यक वजेटको व्यवस्था गरिएको छ।

(च) **कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेको छ। यस प्रकारको अवरोधहरु रहेको छैन।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** यस्तो जोखिम नरहेको।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा आयोजनाको संचालन चरणमा यस्ता जोखिम रहने।

(झ) **सञ्चालन इतिहासको अभाव :** कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएका अनुभवी संस्था भएको हुनाले यस्तो जोखिम न्यून रहेको।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै विद्युत गृह संचालनको क्रममा भविश्यमा केही प्रभाव पर्न सक्ने हुन्छ। तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ। आयोजनाले संचालनको चरणमा आवश्यक मात्रामा उपकरण तथा पार्टपूर्जाहरु जगेडामा समेत राख्ने व्यवस्था गरिएको छ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** हाल आयोजना निर्माणाधीन अवस्थामा रहेको र कुनै कारणवंश पुर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजनाको लागतमा बृद्धि हुन सक्ने न्यून जोखिम रहेको छ।

(ठ) **अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादनमा घाटा हुनसक्ने।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी वीमाको व्यवस्था गरिएको।
- जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने।
- प्रस्तावित तुनीखर्क सवस्टेशन तथा सो सम्म आउने १३२ के.भी. प्रशारण लाईन निर्माणमा नेपाल विद्युत प्राधिकरणवाट भएको ढिलाईका कारण आयोजनावाट उत्पादित विद्युत खेर जान नदिन कम्पनीले नेपाल विद्युत प्राधिकरणसंगको सहमतिमा अतिरिक्त ३.५ कि.मी. बैकल्पिक प्रशारण लाईन निर्माण गरी उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गर्न नेपाल सरकार र यसका निकायहरुसंग अनुमति लिई आवश्यक निर्माण कार्य भईरहेको छ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा बिभिन्न श्रोत जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा ब्यवस्थापनको रहेको छ। सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसिल बमोजिम रहेको छ।

सि.नं.	बीमा कम्पनीको नाम	बीमा शिर्षक	बीमा गरिएको रकम (रु.)	बीमा बहन गर्ने जोखिम	प्रिमियमको रकम (रु.) हजारमा	पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम र मिति	बीमाको बैधता (Validity)
१.	एनएलजी ईन्सुरेन्स कं. लिमिटेड	Contractor's All Risk Policy	३,७४,९३,५६,१२६	Material Damage & Liability to Third Parties	१,४१,३८,०९३	०६/०९/२०१७	०५/०९/२०२१ Construction Period १५/०८/२०२३ Maintenance Period
२.	एनएलजी ईन्सुरेन्स कं. लिमिटेड	Group Personal Accidental Policy	१,८०,००,०००	Group Personal Accidental Policy of 12 Labor of ZHCIC	४६,८३०	२४/०९/२०२०	२३/०९/२०२१
३.	एनएलजी ईन्सुरेन्स कं. लिमिटेड	Contractor's Plant and Machinery Policy	१,४४,८९,६००	Contractor's 6 no. of Plant and Machinery	१३३,४७१.९७	०२/०९/२०२०	०१/०९/२०२१
		जम्मा	३,७८,१८,४५,७२६				

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. सकारात्मक पक्षहरु :

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष सत प्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट हुने हुँदा लाभांशको दर बढी रहेको। यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्वल रहेको।

४) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनीहरु भएको।

१६. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

1. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ।
2. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पूनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ।
3. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ।
4. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ।
5. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
6. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।
7. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतिकर्ता बीच भएको प्रत्याभूत सम्बन्धि सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**

शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

"धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको ब्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदकको बैंक खातामा रकम रोक्का हुने ब्यवस्था रहेको।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**

निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ। साथै सूचिकरण पश्चात् आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, संस्थापक संस्थाका कर्मचारीहरु तथा निष्काशन कम्पनीका कर्मचारीहरुका लागि छुट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइने छ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत् जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनु पर्नेछ।

३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।

५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनु पर्नेछ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल।
ग. नाबालक र विक्षिप्त ब्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

८. आबेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनुहुँदैन।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।

१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यबस्था गरिनेछ।

१५. **स्वीकृत विवरणपत्र मार्फत निष्कासन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम् ५०,००० (पचास हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।**

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउं, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, गंगादेवी मार्ग-३१३ बुद्धनगर, नयाँ बानेश्वर, काठमाण्डौ वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौ तथा सह निष्कासन तथा विक्री प्रवन्धक श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

सर्वसाधारण (स्थानीय बासिन्दाहरु समेत) मा निष्कासन गरिने ४०,५०,००० कित्ता शेयर बराबरको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछः

विवरण	रकम (रु.)
१. सिभिल, हाइड्रो तथा इलेक्ट्रा मेकानिकल निर्माण कार्य गरे वापत ठेकेदार कम्पनीलाई दिनु पर्ने भुक्तानी रकम।	४०,५०,००,०००/-
जम्मा	४०,५०,००,०००/-

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः	
१.	ग्लोबल आइएमइ क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं, वेभसाइट www.globalimecapital.com
२.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ, वेभसाइट www.nmbcl.com.np
३.	न्यादी हाईड्रोपावर लिमिटेड, बुद्धनगर, काठमाण्डौं, वेभसाइट www.nhl.com.np

साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.globalimecapital.com र www.nmbcl.com.np निष्कासनकर्ता कम्पनीको वेभसाइट http://www.nhl.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुका साथै मेरो शेयर खाता मार्फत आवेदन दिन सकिने छ।

२१. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्कासन बैंकहरुको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ, काठमाण्डौं।	GICL-BTI-NyadiHydropower IPO	०१०१०१०००७७८५
१.	श्री एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौं।	GICL-BTI-NyadiHydropower IPO	९९०००१४८२९०००००२६
२.	श्री सिभिल बैंक लिमिटेड, सुन्धारा, काठमाण्डौं	GICL-BTI-NyadiHydropower IPO	००२१००७६२३४३३१

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्कासन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्य दिन र बढीमा १५ दिन सम्म खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री बिजेता शाक्यलाई फोन नं.: ०१-४५४५६४९ तथा Email Address: info@gicl.com.np तथा श्री शुसेन पाण्डेलाई फोन नं. ४४३७९६३ तथा E-mail: info@nmbcl.com.np मार्फत सम्पर्क गर्न सक्नेछन्।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

सह-निष्कासन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np